# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ४३८ *मिति :-* २०६३/१२/११

**ने.रा.बैंकका सबै कार्यालयहरू लगायत इजाजतपत्रप्राप्त सबै निकायहरू ।**

विषय :- **वि.मु. कारोवार गर्ने प्रदान गरिने इजाजतपत्र सम्बन्धी व्यवस्था ।**

महाशय,

यस विभागबाट विभिन्न बैंक/वित्तीय संस्थाहरु, मनिचेञ्जरहरू, ट्राभल एजेन्सी, ट्रेकिङ्ग एजेन्सी, होटल तथा संघ संस्थाहरूलाई विदेशी विनिमय कारोवार गर्ने इजाजतपत्र प्रदान गर्न र सोको नवीकरणका लागि निम्नानुसार व्यवस्था गरिएकोले सोही अनुसार गर्न/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. स्थायी तथा अस्थायी दुवै प्रकारका इजाजतपत्रहरूको नवीकरण गर्ने अवधि एकवर्ष कायम गर्ने ।

२. नयाँ इजाजतपत्र प्रदान गर्दा र नवीकरण गर्दा दुवैमा (स्थायी/अस्थायी) रु. १००।- शुल्क लाग्नेछ ।

३. इजाजतपत्र नवीकरण गर्नुपर्ने म्याद नाघेको १ महिनासम्ममा नवीकरण नगरेमा रु. ५००।- विलम्ब शुल्क लिएर मात्र नवीकरण गर्ने ।

३. विप्रेषणको कार्य गर्ने निकायहरूको लागि इजाजत शुल्क रु.१,०००।- लाग्नेछ ।

५. यस बैंकका कार्यालयको क्षेत्र अन्तर्गत पर्ने विभिन्न ट्राभल एजेन्सी/ट्रेकिङ्ग/होटल तथा कार्गोहरू (बैंक/वित्तीय संस्था तथा परिवर्त्य विदेशी मुद्राको कारोवार गर्ने मनिचेञ्जर बाहेक) लाई नयाँ इजाजत दिने र नवीकरण गर्ने कार्य सम्वन्धित कार्यालयबाटै हुनेछ । (तर, परिवर्त्य विदेशी मुद्राको कारोवार गर्ने मनिचेञ्जरका नविकरण भने यस बैंकका सम्वन्धित कार्यालयले नै गर्न सक्नेछन् ।)

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक